**आकाशवाणी समाचार- नेपाली**
**मितिः २६ जूलाई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- सरकारसित सहमति बने पछि काकरोच जनता पार्टी (सीजेपी) ले आफ्नो आंदोलन फिर्ता लिएको छ।

- केंद्रीय मंत्री प्रल्हाद जोशीलाई नयाँ शिक्षा मंत्री बनाइएको छ।

- सरकारले भोलि लोकसभामा लोक परीक्षा (अनुचित साधनहरुको रोकथाम) संशोधन विधेयक, 2026 पेश गर्नेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा प्रसारित हुने 'मन की बात' कार्यक्रम मा आफ्नो विचार साझा गर्नुहुनेछ।

- मौसम विभागले मध्य महाराष्ट्र अनि ओडिशामा आज अत्यधिक वर्षाको रेड अलर्ट जारी गरेको छ।

**सीजेपी आंदोलन-सरकार**

सरकारसित सहमति बने पछि काकरोच जनता पार्टी (सीजेपी) ले आफ्नो आंदोलन फिर्ता लिएको छ। नयाँ दिल्लीमा हिज केंद्रीय मंत्री जेपी नड्डा अनि डॉ. जितेंद्र सिंह ले सीजेपी प्रतिनिधिमंडलसित तेस्रो चरणको वार्ता गर्यो। बैठकमा परीक्षा व्यवस्थामा सुधार अनि पेपर लीक रोक्ने उपायहरुमाथि विस्तारसित चर्चा गरियो। संयुक्त प्रेस वार्तामा केंद्रीय मंत्री जेपी नड्डाले बताए कि सरकारले सीजेपीको मांगहरुमाथि सहमति व्यक्त गरेको छ। उहाँले भन्नुभयो कि प्रदर्शनकारीहरु विरुद्ध कुनै कार्यवाही गरिने छैन अनि उनीहरु विरुद्ध कुनै प्राथिमिकी दर्ता गरिने छैन। यदि कुनै प्रदर्शनकारी विरुद्ध अघि बाटै प्रथिमिकी दर्ता भएको खण्डमा यसलाई फिर्ता लिइनेछ तथा एफआईआर को प्रतिहरु पनि उपलब्ध गराइनेछ। नीट-यूजी पेपर लीक पछि आत्महत्या गर्ने अभ्यर्थीहरुका परीवारहरुलाई क्षतिपूर्तीको मुद्दामा श्री नड्डाले भन्नुभयो कि सरकारको पूर्ण संवेदना उनीहरुसित छ अनि नियमहरु अनुसार अधिकतम संभव सहायता सुनिश्चित गरिनेछ। परीक्षा सुधारहरुलाई लिएर सीजेपीको तर्फबाट दिइएको पांच सूत्रीय सुझावहरुमा केंद्रीय मंत्रीले भन्नुभयो कि सरकारले यी सबै सुझावमाथि गंभीरतासित विचार गर्नेछ अनि सीजेपीसित चर्चा पछि अघिको कार्यवाही गर्नेछ। अर्को तर्फ  सीजेपी का मुख्य प्रवक्ता सौरव दासले सहमति बनेको शर्तहरुलाई तय समय सीमामा लागू गरिने आशाको साथमा आंदोलनलाई फिर्ता लिइएको बताएका छन्।

**जोशी-शिक्षा मंत्री**

केन्द्रीय शिक्षा मन्त्री प्रह्लाद जोशी नियुक्त भएका छन् । उनलाई आफ्नो वर्तमान विभागका साथै शिक्षा मन्त्रालयको अतिरिक्त जिम्मेवारी दिइएको छ। प्रह्लाद जोशीले हाल उपभोक्ता मामिलाए  खाद्य तथा सार्वजनिक वितरण र नवीन तथा नवीकरणीय ऊर्जाको जिम्मेवारी सम्हालिरहेका छन्। यसैबीचए राष्ट्रपति द्रौपदी मुर्मुले केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधानको केन्द्रीय मन्त्रिपरिषद्बाट दिनुभएको राजीनामा तत्काल लागू हुने गरी स्वीकृत गर्नुभएको छ।

**राष्ट्रपतिको भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु मोल्डोभा,  उत्तरी म्यासेडोनिया र रोमानियाको आफ्नो राजकीय भ्रमण सम्पन्न गरी आज बिहान नयाँ दिल्ली फर्किइन्।भ्रमणको क्रममा राष्ट्रपतिले तीनै देशका राष्ट्रप्रमुखहरूसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुभयो र द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्नुका साथै व्यापारए  शिक्षाए  डिजिटल प्रविधिए  नवप्रवर्तन र नवीकरणीय ऊर्जा जस्ता क्षेत्रहरूमा सहयोग बढाउने बारेमा छलफल गर्नुभयो।यो भारतीय राष्ट्रपतिद्वारा मोल्डोभा र उत्तरी म्यासेडोनियाको पहिलो राजकीय भ्रमण थियो भने

यो तीन दशकभन्दा बढी समयपछि भारतीय राष्ट्रपतिद्वारा रोमानियाको पहिलो राजकीय भ्रमण थियो। राष्ट्रपतिले व्यापारिक मञ्चहरूलाई पनि सम्बोधन गर्नुभयो र भारतीय समुदायसँग भेट गर्नुभयो। रोमानियामाए बुखारेस्ट आर्थिक अध्ययन विश्वविद्यालयले राष्ट्रपतिलाई मानार्थ सम्मान प्रदान गर्नुभयो।

**प्रधान मंत्री - विकसित जीवी**

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले आज अपराह्न ४:३० बजे भिडियो कन्फ्रेन्समार्फत विकसित भाइब्रेन्ट भिलेज प्रोग्राम-२०२६ का सहभागीहरूसँग अन्तर्क्रिया गर्नुहुनेछ । देशका सबै राज्य र केन्द्र शासित प्रदेशहरूको प्रतिनिधित्व गर्ने ४०० भन्दा बढी युवाहरूले प्रधानमन्त्रीसँग अन्तरक्रिया गर्नेछन्।

विकसित भाइब्रेन्ट भिलेज कार्यक्रम-2026 गत महिना 4 देखि ३० जूनसम्म दुई चरणमा आयोजना गरिएको थियो । यसले लद्दाखए हिमाचल प्रदेश र उत्तराखण्डका ७४ भाइब्रेन्ट गाउँहरू समेटेको थियो । कार्यक्रमका लागि सहभागीहरू देशव्यापी अनलाइन क्विज प्रतियोगिताको माध्यमबाट छनौट गरिएको थियो जसमा तीन लाखभन्दा बढी युवाहरूले भाग लिएका थिए।

कार्यक्रममा सहभागीहरूले स्थानीय समुदायसँग रहेर स्वच्छता अभियानए सरकारी योजनाहरूको जागरूकता अभियानए युवा सम्मेलनए सांस्कृतिक आदानप्रदानए वृक्षरोपणए मिनी नमूना पञ्चायत जस्ता गतिविधिहरूमा भाग लिएका थिए। उनले स्थानीय कालिगढहरूसँग अन्तरक्रिया गरे र रणनीतिक रूपमा महत्त्वपूर्ण संस्थाहरूको भ्रमण पनि गरे।

यस पहलबाट युवाहरूले सीमावर्ती क्षेत्रको सामाजिकए आर्थिक अवस्थाए सांस्कृतिक सम्पदा र विकासको सम्भावनालाई नजिकबाट बुझ्ने अवसर पाए। साथैए समुदायको सहभागिताए राष्ट्रिय एकता र सीमावर्ती गाउँको रणनीतिक महत्वबारे उनीहरूको बुझाइ पनि बलियो भयो ।

## संसद -विधेयक

सरकारले भोलि लोकसभामा लोक परीक्षा (अनुचित साधनहरुको रोकथाम) संशोधन विधेयक, 2026 पेश गर्नेछ। यो विधेयक भोलि सोमवारको लागि लोकसभाको कार्यसूचीमा शामेल छ। केंद्रीय मंत्री डॉ. जितेन्द्र सिंहले यस विधेयकलाई सदनमा प्रस्तुत गर्नुहुनेछ। यसको उद्देश्य लोक परीक्षा (अनुचित साधनहरुको रोकथाम) अधिनियम, 2024 मा संशोधन गर्न हो। गत शुक्रवार केंद्रीय मंत्रिमंडलले प्रश्नपत्र लीक अनि परीक्षा मा अनियमितताहरुको मामलामा त्वरित सुनवाईको लागि फास्ट-ट्रैक अदालतहरुको स्थापना तथा दोषीहरुकालागि अझ कड़ा दंड को प्रावधान गर्न संबंधी मसौदा विधेयकलाई स्वीकृति दिइएको थियो।

**मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदी आज बिहान 11 बजे आकाशवाणी बाट प्रसारण हुने 'मन की बात' कार्यक्रम मा आफ्नो विचार साझा गर्नुहुनेछ। यस मासिक रेडियो कार्यक्रम को यो 136 वा संस्करण हुनेछ।

यस कार्यक्रम को प्रसारण आकाशवाणी औ दूरदर्शन को सबै नेटवर्क,आईआर न्यूज़ वेबसाइट तथा न्यूज़ अन एआईआर मोबाइल ऐप मा प्रसारण गरिनेछ। यसका साथै एआईआर न्यूज, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय औ सूचना एवं प्रसारण मंत्रालय को यूट्यूब चैनलहरूमा पनि यसको सीधा प्रसारण गरिनेछ।

हिंदी प्रसारण को तुरंत पछि आकाशवाणीको यस कार्यक्रम का प्रसारण विभिन्न क्षेत्रीय भाषाहरूमा पनि गरिनेछ।

**संशो.करगिल-विजय दिवस**

करगिल विजय दिवस आज सम्पूर्ण देश मा मनाइंदैछ। यस अवसरमा 19 सय 99 का करगिल युद्ध मा देशको रक्षा गर्दै सर्वोच्च बलिदान दिने भारतीय सैनिकहरुलाई श्रद्धांजलि अर्पण गरिनेछ। यो दिन ऑपरेशन विजय को सफल अनि करगिल युद्धमा पाकिस्तान माथि भारत को ऐतिहासिक विजय को प्रतीक हो। यस अभियानको अवधि, भारतीय सशस्त्र बलहरुले जम्मू अनि

कश्मीर को करगिल जिला मा ती क्षेत्रहरुलाई पुनः प्राप्त गरेको थियो जस माथि पाकिस्तानी सैनिक अनि आतंकवादीहरुले घुसपैठ गरेको थियो। मुख्य कार्यक्रम लद्दाखको द्रास स्थित कारगिल युद्ध स्मारक मा आयोजित गरिन्दैछ।

## मौसम

मौसम विभागले मध्य महाराष्ट्र अनि ओडिशामा आज अत्यधिक वर्षाको रेड अलर्ट जारी गरेको छ। छत्तीसगढ़, गुजरात, कोंकण अनि गोवा मा पनि आज अनि भोलि दुइ दिनको अवधि भारी वर्षा हुने संभावना छ। तटीय आंध्र प्रदेश, पूर्वी मध्य प्रदेश, पश्चिम बंगाल को गांगेय क्षेत्र, हिमाचल प्रदेश, जम्मू-कश्मीर, लद्दाख, झारखंड, उत्तराखंड, पश्चिमी राजस्थान अनि उत्तर पूर्वी भारतका केही भागहरुमा आज भारी वर्षा हुने आशंका छ। अंडमान अनि निकोबार द्वीप समूह, आंध्र प्रदेश, उत्तरी आंतरिक कर्नाटक, तमिलनाडु, पुडुचेरी अनि काराईक्काल मा भोलि सम्म तिव्र गतिमा हावा अनि गरजन साथ वर्षा हुने पूर्वानुमान पनि मौसम विभागले व्यक्त गरेको छ। बिहार, तटीय कर्नाटक, जम्मू-कश्मीर, लद्दाख, झारखंड, केरल, माहे, ओडिशा, दक्षिणी आंतरिक कर्नाटक अनि तेलंगानामा पनि आज यस्तै प्रकारको स्थिति रहने अनुमान विभागले व्यक्त गरेको छ।

## हक्की

भारतीय सब-जुनियर पुरुष हक्की टोलीले FIH युवा हक्की ५ एसियाली च्याम्पियनसिपको उपाधि जितेको छ। अन्तिम खेलमा भारतले पाकिस्तानलाई ३-१ ले हराउँदै स्वर्ण पदक सुरक्षित गरेको छ।

भारतका लागि रोमित पाल, कप्तान केतन कुशवाहा र शाहरुख अलीले गोल गरे। फाइनलमा पुगेर भारत र पाकिस्तान दुवै FIH युवा हक्की ५ विश्वकपको लागि छनोट भएका छन्।

महिला वर्गमा, भारतीय सब-जुनियर टोलीले चीन विरुद्धको कडा प्रतिस्पर्धापछि रजत पदक जितेको छ। दुवै टोलीको उत्कृष्ट प्रदर्शनको कदर गर्दै हक्की इन्डियाले खेलाडी र सहयोगी कर्मचारीलाई नगद पुरस्कार घोषणा गरेको छ।